# निदानात्मक परीक्षा

**कक्षाः ६** **विषयः नेपाली**

विद्यार्थीको नामः ..........................................................................................................

विद्यालयको नामः .................................................................. जिल्लाः ..........................

तपाइँः केटा ☐ केटी ☐ स्थानीय तहः.................................

**१. शिक्षकले भनेको शब्द सुनेर ठिक शब्दमा (✓) चिन्ह लगाउनुहोस् :** **३**

| | | | |
|---|---|---|---|
| महाकवि | विश्वशान्ति | चिरञ्जीवी | पारिभाषिक |
| भ्याउँकिरी | धुर्त्याईं | कुइँकुइँ | फुँडुल्को |
| आनुवंशिक | शंखासुर | अंशियार | संरक्षकत्व |

**२. शिक्षकले भनेको वाक्य सुनेर ठिक चिह्न (✓) लगाउनुहोस् :**

**(क) समिता बनेपा जाँदै छिन ।**

| | |
|---|---|
| **समिता पोखरा जाँदै छिन् ।** | |
| **समिता धनुषा जाँदै छिन् ।** | |
| **समिता बनेपा जाँदै हुने छिन् ।** | |

**(ख)**

| | |
|---|---|
| **उषाकिरण अंगुर टिपेर डालोमा राख्छिन् ।** | |
| **उषाकिरण आरु टिपेर डालोमा राख्छिन् ।** | |
| **उषाकिरण आँप टिपेर डालोमा राख्छिन् ।** | |

**(ग)**

| | |
|---|---|
| **गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहुन्छ ।** | |
| **गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहुने छ ।** | |
| **गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहोला ।** | |

**३. तल दिइएका शब्दको अर्थ लेख्नुहोस् :** **२**

| **शब्द** | **अर्थ** |
|---|---|
| (क) भ्रमण | ........................................ |
| (ख) आकुलव्याकुल | ........................................ |
| (ग) अनायास | ........................................ |
| (घ) दिक्दार | ........................................ |

**शिक्षकले भनेको अनुच्छेद सुन्नुहोस् र सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :** **३**

(क) तामाङहरू कहाँ कहाँ बसोबास गर्छन् ?

उत्तर : ........................................................................................................................

........................................................................................................................

(ख) तामाङ जातिले मनाउने मुख्य पर्व कुन हो ?

उत्तर : ........................................................................................................................

........................................................................................................................

**५. तल दिइएको अनुच्छेदलाई अनुलेखन गर्नुहोस् ।** **३**

महाकवि लक्ष्मीप्रसाद देवकोटाले धनलाई हातको मैला भनेका छन् । उनको विचारमा धन महत्वपूर्ण कुरा होइन। देवकोटाले धनलाई क्षणिक साधनका रूपमा लिएका छन् । धनले समय र परिस्थितिअनुसार रुप फेर्छ । कहिले आफूभन्दा टाढा रहेकालाई नजिकै पार्दछ भने कहिले टाढा पुर्याउँदछ ।

........................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................।

**६. शिक्षकले भनेको वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् । २**

.......................................................................................................................................।

.......................................................................................................................................।

.......................................................................................................................................।

**७. तलको कोष्ठकमा दिएको वाक्यलाई ठिक ठाउँमा प्रयोग गरी संवाद लेखन गर्नुहोस् :**

(१. घरको आर्थिक अवस्था कमजोर भयो २. नमस्कार ३. विदेश जाने विचारमा छु ४.म त दिनहुँ विद्यालय जान्छु । ५. हिजोआज तिमी के गर्दै छौ ?) **५**

अनुपमा - सुलप नमस्कार ।

सुलप - ..........................................................................अनुपमा ।

अनुपमा - ...............................................................................................?

सुलप - म कम्प्युटर कक्षा जाँदै छु । अनि तिमी के गर्दै छौ त?

अनुपमा - ...............................................................। सुलप तिमीले किन पढाई छोडेको ?

सुलप - ...............................................................................................।

अनुपमा - ए, अब के गर्छौ त ?

सुलप - ...............................................................................................।

अनुपमा - सिप सिकेर मात्रै जाउ ल, नत्र दुःख पाइन्छ रे ।

**८. तल दिएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हाम्रो समाजमा गुरुलाई वैद्धिक कालदेखि नै उच्च सम्मान दिइँदै आएको छ । गुरु वा शिक्षकलाई पर्यायवाची शब्दका रुपमा लिइन्छ । शिक्षकले पढाएको विद्यार्थी नै भोलि चिकित्सक, इन्जिनियर, वकिल र राजनेता बन्छन् । कतिपयले स्वदेशमा नै रोजगारी पाउँछन् त कतिले रोजगारी पाउँदैनन् । रोजगारी नपाउनेहरु कोही शिक्षा लिने उद्देश्यले त कोही रोजगारी खोज्ने उद्देश्यले विदेश गएका छन् । यसरी हरेक दिन, महिना र वर्षमा विद्यार्थीहरू विदेश जाँदा योग्य र दक्ष जनशक्ति बाहिरिन्छ । हाम्रो देश विकास हुन नसक्नुको प्रमुख कारण नै यही हो । यसलाई रोक्नका लगि नेपाल सरकारले शिक्षा र उद्योगको क्षेत्रमा निकै ठुलो लगानी गर्नुपर्ने देखिन्छ । विदेशमा सिकेको ज्ञान र सिपको सदुपयोग गर्न नसके हाम्रो मुलुक अगाडि बढ्न सक्दैन ।

प्रश्न : तल दिएका प्रश्नको ठिक उत्तरमा (✓) चिह्न लगाउनुहोस् : २

(क) हाम्रो समाजमा वैद्धिक कालदेखि कसलाई उच्च सम्मान दिँदै आएको छ ?

| | |
|---|---|
| इन्जिनियर | |
| राजनेता | |
| शिक्षक | |

(ख) विद्यार्थी किन विदेशिएका हुन् ?

| | |
|---|---|
| शिक्षा लिन | |
| रोजगार पाउन | |
| शिक्षा र रोजगार पाउन | |

(ग) हाम्रो देश विकास हुन नसक्नुको प्रमुख कारण के हो ?

.........................................................................................................

(घ) "**गुरु**" को पर्यायवाची शब्द के हो ?

..........................................................................................................
.